मितिः २०८२/०६/२०

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री लक्ष्मण बुढाथोकी | का.वा. वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

**अन्य उपस्थिती:-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृतस्तर दशौं | [signature] |
| २ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | [signature] |
| ३ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | [signature] |
| ४ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | [signature] |
| ५ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | [signature] |
| ६ | श्री प्रदिप लामिछाने | अधिकृत छैठौं | [signature] |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

**प्रस्ताव:-**

१. विपद्को विषयमा छलफल सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८२/०६/०९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

मिति २०८२ साल असोज १८ गतेदेखि परेको अविरल वर्षाको कारण नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरूमा भएको क्षतिको प्रारम्भिक मूल्यांकन गरी पहिरो गएका स्थानहरूमा सम्बन्धित वडाको सिफारीसका आधारमा प्राविधिक ल.ई. बमोजिम पहिरो पन्छाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिकाको नगर अस्पतालमा भिडियो एक्स-रे मेसिन उपलब्ध भएको र प्राविधिकको अभावमा उक्त सेवा सञ्चालन हुन नसकेकोले अस्पतालमा उक्त मेसिन सञ्चालन गर्ने दक्ष जनशक्ति नभएकोले बाह्य प्राविधिक चिकित्सक प्रति व्यक्ति प्रति सामान्य भिडियो एक्स-रे गरेवापत रू.६००/- (छ सय) सेवा शुल्क लिने र सेवा सञ्चालन गर्ने प्राविधिक चिकित्सकलाई प्रति एक्स-रे रू.४००/- (चार सय) उपलब्ध गराउने र बाँकी रू.२००/- (दुई सय) अस्पतालको खातामा दाखिला गर्ने निर्णय गरियो । त्यस्तै Anomaly Scan सहितको विशेष भिडियो एक्स-रे गरेवापत रू.१,०००/- (एक हजार) सेवा शुल्क लिने र प्राविधिक चिकित्सकलाई प्रति एक्स-रे रू.६००/- उपलब्ध गराई बाँकी रू.४००/- अस्पतालको खातामा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिका वडा नं. ६ ज्योति प्रा.वि.नजिक नागिनी खोलामा लगाईएको ग्याविन वाल भाँसिएकोले पहिरोका कारण बस्ती समेत जोखिममा परेकोले जोखिम न्यूनिकरण गर्नको लागि माथिल्लो भागमा लगाईएको जाली निकाल्नको लागि यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च हुने गरी उक्त स्थानमा कार्य गराउने निर्णय गरियो ।